२०७९ सालको कार्यविधि नं. ८

# हेटौंडा राजपत्र

हेटौंडा उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्डः ६ संख्याः ८ मितिः२०७९।०९।०८

## भाग- ३

**हेटौंडा उपमहानगरपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

## हेटौंडा उपमहानगरपालिका अस्पताल सञ्चालन र व्यवस्थापन कार्याविधि, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानले स्वास्थ्य सेवा प्राप्त गर्नु जनताको मौलिक हकको रुपमा अंगिकार गरेको र सम्पूर्ण जनताहरुलाई आधारभूत स्वास्थ्य सेवा निशुल्क रूपमा उपलब्ध गराउने लक्ष्य राखेको छ । उक्त लक्ष्य परिपूर्तिको लागि प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा अस्पताल रहने र प्रत्येक वडामा एक स्वास्थ्य संस्था रहने प्रावधान अनुरुप नेपालको संविधानले प्रदत्त गरेको मौलिक हकलाई सुनिश्चित गर्नको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था बमोजिम हेटौंडा उपमहानगरपालिका क्षेत्रको विभिन्न स्थानमा रहेको स्वास्थ्य चौकीहरुलाई अस्पतालको रुपमा सञ्चालन र व्यवस्थापन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्याविधिको नाम "हेटौंडा उपमहानगरपालिका अस्पताल सञ्चालन र व्यवस्थापन कार्याविधि, २०७९" रहेको छ।

(२) यो कार्याविधि तुरुन्त प्रारम्भ हुनेछ।

२.**परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यक्ष" भन्नाले दफा ३ बमोजिम गठन भएको समितिको अध्यक्ष सम्झनुपर्छ।

(ख) "नगर अस्पताल" भन्नाले हेटौंडा उपमहानगरपालिकाले नगरको विभिन्न क्षेत्रमा सञ्चालन गरेको अस्पताललाई सम्झनुपर्छ।

(ग) "पालिका" भन्नाले हेटौंडा उपमहानगरपालिका सम्झनु पर्छ। यसले नगर कार्यपालिकाको कार्यालयलाई समेत जनाउनेछ।

(घ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ । सो शब्दले समितिको सदस्य- सचिव समेतलाई जनाउँछ।

(ङ) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको अस्पताल सञ्चालन तथा व्यवस्थापन समिति सम्झनुपर्छ।

## परिच्छेद-२

## अस्पताल निर्देशक र व्यवस्थापन समिति गठन सम्बन्धी व्यवस्था

३ .**निर्देशक समितिको गठनः** (१) अस्पतालको गठन, परिचालन तथा व्यवस्थापनका सन्दर्भमा नीतिगत व्यवस्था, वार्षिक कार्ययोजना स्वीकृति, श्रोत साधनको पहिचान तथा परिचालन र अन्तर निकाय समन्वय तथा सहकार्य जस्ता बिषयहरुमा पृष्ठपोषण तथा मार्ग निर्देशनका लागि देहाय बमोजिमको अस्पताल निर्देशक समिति गठन गरिनेछः-

| | |
|---|---|
| (क) नगर प्रमुख | संयोजक |
| (ख) नगर उपप्रमुख | सह-संयोजक |
| (ग) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) अस्पताल सञ्चालन हुने वडाको वडा अध्यक्ष | सदस्य |
| (ङ) कानून शाखा प्रमुख/कानूनी सल्लाहकार | सदस्य |
| (च) संयोजकले तोकेको स्वास्थ्य क्षेत्रका विज्ञहरुमध्येबाट १ जना | सदस्य |
| (छ) प्रमुख, सामाजिक विकास महाशाखा | सदस्य सचिव |

(२) निर्देशक समितिको वैठक चार/चार महिनामा एक पटक बस्नेछ । यसका अतिरिक्त आवश्यकताको आधारमा अन्य वैठक पनि वस्न सक्नेछ। साथै यो कार्यविधिको कार्यान्वयनका लागि यस समितिले आफ्नो कार्यविधि आफैं तयार गरी लागु गर्न सक्नेछ । बैठक भत्ता, तथा सुविधा सम्बन्धी व्यवस्था उपमहानगरपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(३) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको सेवा, गुणस्तर, प्रभावकारिता वृद्धिका लागि नीतिगत व्यवस्था गर्ने,

(ख) अस्पतालका लागि आवश्यक पर्ने स्रोत, साधन जुटाउन समन्वय एवं पहल गर्ने,

(ग) अस्पतालको वार्षिक कार्यक्रम र वजेट स्वीकृत गर्ने,

(घ) अस्पताल अन्तर्गत कार्यरत कर्मचारीहरुको सेवा सुविधाका वारेमा आवश्यक निर्णय गर्ने,

(ङ) अस्पतालको समग्र विकासमा अभिभावकीय भूमिका निर्वाह गर्ने,

(च) अस्पतालबाट प्रदान गरिने सेवाको शुल्क दर तोक्ने,

(छ) अस्पताल व्यवस्थापनको वार्षिक प्रतिवेदन नगर कार्यपालिका समक्ष पेश गर्ने ।

**४. <u>व्यवस्थापन समितिको गठनः</u>** (१) अस्पतालले उपलब्ध गराउने चिकित्सा र अन्य सेवामा विस्तार र सुदृढ गर्न अस्पतालको सञ्चालन तथा व्यवस्थापनको लागि एक व्यवस्थापन समिति गठन गर्नेछः-

(२) उपदफा (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुनेछः-

| | |
|---|---|
| (क) अस्पताल सञ्चालन हुने वडाका वडा अध्यक्ष | अध्यक्ष |
| (ख) स्वास्थ्य क्षेत्रमा क्रियाशील व्यक्ति मध्येबाट वडा अध्यक्षबाट मनोनित गरेको महिला १ जना | सदस्य |
| (ग) सम्बन्धित वडाको उच्चतम विद्यालयको प्रधानाध्यापक १ जना | सदस्य |
| (घ) सामाजिक विकास महाशाखा प्रमुख, हेटौंडा उपमहानगरपालिका | सदस्य |
| (ङ) आर्थिक प्रशासन महाशाखा प्रमुख, हेटौंडा उपमहानगरपालिका | सदस्य |
| (च) सम्बन्धित वडाका वडा सचिव | सदस्य |
| (छ) अस्पताल प्रमुख | सदस्य सचिव |

(३) उपदफा (१) बमोजिम समितिका मनोनित सदस्यहरुको पदावधि ३ वर्षको हुनेछ र निजहरु पूनः अर्को एक कार्यकालको लागि मनोनयन हुन सक्नेछन् ।

(४) उपदफा (१) बमोजिम समितिका मनोनित सदस्यहरुको कार्य सन्तोषजनक नरहेमा वा ३ वटा बैठकमा लगातार अनुपस्थित रहेमा सो स्थानमा अध्यक्षले नयाँ सदस्य नियुक्ति गर्न सक्नेछ ।

(५) समितिले आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**५. <u>व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) अस्पतालको व्यवस्थापन र सञ्चालनको लागि सरोकारवाला व्यक्ति तथा निकायसँग समन्वय र सहकार्य गर्ने,

(ख) अस्पतालको विकास सम्बन्धमा आवश्यक दीर्घकालीन, अल्पकालीन नीति, योजना तथा वार्षिक

कार्यक्रम तर्जुमा गरी स्वीकृतिका लागि निर्देशक समिति समक्ष पेश गर्ने,

(ग) अस्पतालको भौतिक सम्पत्तिको रेखदेख, संरक्षण तथा मर्मत सम्भार गर्ने,

(घ) अस्पतालबाट प्रदान गरिने सेवाको सञ्चालन, सुधार र विस्तारका लागि आवश्यक पर्ने श्रोत र साधनको पहिचान तथा खोजी गर्ने,

(ङ) निशुल्क प्रदान गर्नुपर्ने आधारभूत स्वास्थ्य सेवा वाहेक अस्पतालबाट प्रदान गरिने स्वास्थ्य सेवाको शुल्क निधार्रण गर्ने र समय समयमा पुनरावलोकन गर्ने,

(च) अस्पतालमा भए गरेका कार्यको समीक्षा गर्ने र आवश्यक निर्णय लिने,

(छ) नगर कार्यपालिकाले गरेका निर्णय तथा निर्देशक समितिले दिएका निर्देशनहरुको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने,

(ज) अस्पतालका विविध सेवासँग सम्वन्धित बिभागीय प्रमुख तथा कर्मचारी प्रतिनिधिहरुवाट प्राप्त सुझाव र सल्लाहलाई ध्यानमा राखी आवश्यकतानुसार अस्पतालसँग सम्बन्धित समस्या समाधान गर्ने, गराउने,

(झ) जनशक्तिको वृत्ति विकासमा आवश्यक कार्य गर्न निर्देशक समिति समक्ष सिफारिस गर्ने,

(ञ) जनशक्तिको परिचालन गरी अस्पताल प्रशासन र प्रवाह हुने स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन कार्ययोजना तयार गर्ने,

(ट) अस्पतालको उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य कार्य गर्ने, गराउने,

(ठ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको सेवा प्रवाह, सम्पादन गरेको कार्यको नियमित अनुगमन गर्ने,

(ड) चौमासिक रुपमा निर्देशक समितिलाई कार्य प्रगतिको प्रतिवेदन पेश गर्ने,

(ढ) अस्पतालबाट प्रदान गरिने सेवाको शुल्क दर स्वीकृतिका लागि सिफारिस गर्ने ।

६. **<u>अध्यक्षको काम, कर्तव्य र अधिकारः</u>** (१) अध्यक्षको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको बैठक बोलाउने र बैठकको अध्यक्षता गर्ने,

(ख) अस्पतालको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(ग) बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने,

(घ) बैठकमा मत बराबर भएमा निणार्यक मत दिने,

(ङ) अस्पतालको व्यवस्थापन, विकास र विस्तारको लागि भूमिका निर्वाह गर्ने,

(च) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(छ) दैनिक प्रशासनिक काम सञ्चालन गर्न आवश्यक निर्देशन दिने ।

**७. समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकारः** (१) समितिको सदस्य-सचिवको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ख) अस्पतालको सम्पत्तिको रेखदेख गर्ने, गराउने,

(ग) अध्यक्षसँग परामर्श गरी बैठकको कार्यसूची तयार गर्ने र बैठक बोलाउने,

(घ) समितिले गरेका निर्णय अनुरूप कार्य गर्ने गराउने,

(ङ) दैनिक प्रशासनिक सञ्चालन गर्ने, गराउने।

## परिच्छेद-३

## समितिको बैठक सम्बन्धी कार्यविधि तथा संगठन संरचना

८. **समितिको बैठक र निर्णयः** (१) समितिको बैठक वर्षमा छ पटक बस्नेछ । तर समितिको बैठक आवश्यकता अनुसार बस्न यस उपदफाले बाधा पार्ने छैन।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(३) समितिको बैठक बस्नु भन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य-सचिवले बैठकमा छलफल हुने विषयको सूचना सबै सदस्यलाई दिनुपर्नेछ।

(४) समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले र निजको अनुपस्थितिमा समितिको जेष्ठ सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय अध्यक्ष र सदस्य सचिवले प्रमाणित गर्नु पर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निधारण गरे बमोजिम हुनेछ।

९. **संगठन संरचना तथा कर्मचारी सम्बन्धी व्यवस्थाः** (१) अस्पतालको सांगठनिक संरचना अनुसूची-१ अनुसार हुनेछ।

(२) अस्पतालमा अनुसूची-२ बमोजिमको दरबन्दी अनुसारका कर्मचारी रहनेछन् ।

(३) उपदफा (१) बमोजिम दरबन्दी भित्रका कर्मचारी आवश्यकता एवं कार्यचापका आधारमा पालिकाले खटाउनेछ ।

१०. **पूर्वाधार तथा भौतिक संरचना सम्बन्धी ब्यवस्थाः** (१) अस्पतालको लागि आवश्यक औजार उपकरणहरुको ब्यबस्था स्वास्थ्य संस्था सञ्चालन सम्बन्धी मापदण्ड, २०७७ अनुसार रहने छ।

(२) अस्पतालको भौतिक संरचना नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड, २०७४ बमोजिम निर्माण गरिनेछ।

## परिच्छेद-४

## कोष सम्बन्धी व्यवस्था

**११. <u>समितिको कोषः</u>** (१) समितिको नाममा एउटा छुट्टै कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकम रहने छन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) पालिकाबाट प्राप्त रकम,

(घ) अस्पतालले प्रदान गरेको सेवा वापत प्राप्त रकम,

(ङ) विदेशी सरकार, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(च) स्वदेशी, संघ, संस्था वा व्यक्तिबाट प्राप्त रकम,

(छ) कानून बमोजिम अन्य श्रोतबाट प्राप्त रकम।

(३) समितिले उपदफा (२) को खण्ड (ङ) बमोजिम कुनै रकम प्राप्त गर्नु अघि नियमानुसार निर्देशक समिति मार्फत पालिकाबाट पूर्व स्वीकृति लिनुपर्नेछ।

(४) समितिबाट गरिने खर्च उपदफा (२) बमोजिमको कोषबाट व्यहोरिने छ।

(५) समितिको कोषमा रहेको रकम समितिले नेपालको कुनै वाणिज्य बैङ्कमा खाता खोली जम्मा गर्नेछ।

(६) समितिलाई प्राप्त भएको रकम जुन कार्यक्रमको लागि प्राप्त भएको हो सोही कार्यक्रममा खर्च गर्नुपर्ने छ।

(७) समितिको कोषको सञ्चालन समितिले तोके बमोजिम हुनेछ।

**१२. <u>लेखा र लेखा परीक्षणः</u>** (१) समितिको आय व्ययको लेखा नेपाल सरकारले अपनाएको ढाँचा बमोजिम राखिनेछ।

(२) समितिले तोकिए बमोजिम समितिको आय व्ययको आन्तरिक नियन्त्रण प्रणाली कायम गर्नेछ।

(३) समितिको लेखा परीक्षण प्रचलित कानून बमोजिम हुनेछ ।

(४) समितिले आय व्ययको अवस्था सहितको वित्तीय प्रतिवेदन चौमासिक रुपमा चौमासिक समाप्त भएको १५ दिनभित्र वडा कार्यालय र निर्देशक समितिमा पेश गर्नुपर्नेछ ।

**१३. <u>जाँच गर्न सक्नेः</u>** निर्देशक समितिले चाहेमा समितिको आय-व्ययको लेखा, नगदी, जिन्सी वा अन्य कागजात जुनसुकै वेला जाँच गर्न गराउन सक्नेछ।

स्थानीय राजपत्र

## परिच्छेद-५

## विविध

१४. **बैठक भत्ता:** सदस्यले समितिको बैठकमा भाग लिए वापत समितिले निर्धारण गरे बमोजिम बैठक भत्ता पाउनेछन्।

१५. **वार्षिक प्रतिवेदन पेश गर्ने :** समितिले वर्षभरी गरेको काम कारबाहीको प्रतिवेदन प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैंतालिस दिन भित्र निर्देशक समिति समक्ष पेश गर्नुपर्नेछ।

१६. **अधिकार प्रत्यायोजनः** समितिले यस कार्यविधि बमोजिम आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव, समितिले गठन गरेको उपसमिति वा कार्यदल वा कुनै अधिकृत कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. **निर्देशन दिन सक्ने :** (१) निर्देशक समितिले व्यवस्थापन समितिद्वारा गरिने काम कारबाहीको सम्बन्धमा व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिनसक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु व्यवस्थापन समितिको कर्तव्य हुनेछ।


१८. **निर्देशक समितिसँग सम्पर्क:** व्यवस्थापन समितिले निर्देशक समितिसँग सम्पर्क राख्दा सम्बन्धित वडा कार्यालय मार्फत राख्नु पर्नेछ।

१९. **उप—समिति गठन गर्न सक्ने:** (१) समितिले आर्थिक, प्रशासनिक तथा प्राविधिक कार्यहरु गर्न, गराउने सम्बन्धमा आवश्यकतानुसार विभिन्न उपसमिति तथा कार्यटोली (Task Force) गठन गर्न सक्नेछ ।

(२) त्यस्ता उप—समिति तथा कार्यटोलीको गठन, काम कर्तब्य र अधिकार समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **संशोधन:** यस कार्याविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरे नगर कार्यपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

## अनुसूची-१
## सांगठनिक संरचना
## (दफा ८ को उपदफा (१) सँग सम्बन्धित)




हेटौंडा राजपत्र

अनुसूची-२

नगर अस्पतालको स्वीकृत दरबन्दी

(दफा ८ को उपदफा (२) सँग सम्बन्धित)

| पद | तह/श्रेणी | हालको दरवन्दी | थप/घट | जम्मा |
|---|---|---|---|---|
| मेडिकल अधिकृत | आठौं तह | ० | १ | १ |
| प्रशासन अधिकृत | सातौं तह | ० | १ | १ |
| प्रशासन अधिकृत | छैठौं तह | ० | १ | १ |
| हेल्थ असिष्टेण्ट/ सि.अ.हे.व. | ५/६/७ तह | १ | १ | २ |
| स्टाफ नर्स/सि.अ.न.मि. | ५/६/७ तह | ० | २ | २ |
| कविराज | ५/६/७ तह | ० | १ | १ |
| ल्याब टेक्निसियन | ५/६ तह | ० | १ | १ |
| रेडियोग्राफर | ५/६ तह | ० | १ | १ |
| फार्मेसी सहायक | ५/६ तह | ० | १ | १ |
| डेण्टल सहायक | ५/६/७ तह | ० | १ | १ |
| प्रशासन सहायक (प्रशासन/लेखा) | ४/५ तह | ० | २ (प्र.१/ले.१) | २ |
| अ.हे.व. | ४/५ तह | २ | ० | २ |
| अ.न.मि. | ४/५ तह | २ | ० | २ |
| कार्यालय सहयोगी/सरसफाई कर्मचारी | श्रेणी विहिन | १ | ३ | ४ |
| **जम्मा** | | **६** | **१६** | **२२** |

**आज्ञाले**

**शिवराज चौलागाई**

**प्रमुख प्रशासकीय अधिकृत**

नेपाल राजपत्र